विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०४/०६)

**बसपार्क ठेक्का प्रकृयाद्वारा सञ्चालन तथा व्यवस्थापन गर्न बढाबढको बोलपत्र सम्बन्धी ३० दिने सूचना ।**

यस नगरपालिकाको बट्टार बसपार्क आ.व. २०८२/०८३ र आ.व. २०८३/०८४ समेत दुई वर्षको लागि ठेक्का नं. **BM/NCB/Revenue/01/082/083** ठेक्का प्रकृयाद्वारा सञ्चालन तथा व्यवस्थापन गर्ने विदुर नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/०३/०८ को निर्णयानुसार इच्छुक फर्म, कम्पनी वा संस्थाबाट देहायको शर्तहरु पालना हुने गरी न्यूनतम अंकबाट बढाबढ गरी कबोल गर्नको लागि यो बोलपत्र सम्बन्धि सूचना प्रकाशन गरिएको छ।

<u>शर्तहरु</u>

१.बोलपत्र फारमको लागि रु ३०००/- (अक्षेरुपी तीन हजार मात्र) दस्तुर फिर्ता नहुने गरी यस कार्यालयमा नगद तिरेको रसिद वा यस कार्यालयको नेपाल बैंक लि. शाखा कार्यालय त्रिशुलीमा रहेको खाता नं. ०२६०३००००१००१०००००४ मा फिर्ता नहुने गरी नगद जम्मा गरेको भौचर संस्थाको हकमा नवीकरण भएको दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु समेत संलग्न गरी सूचना प्रकाशन भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२. बसपार्क सञ्चालन तथा व्यवस्थापन अन्तर्गत यस कार्यालयबाट स्वीकृत दरमा सवारी प्रवेश र पार्किङ शुल्क संकलन गर्ने, कोसोलि घर र विद्युत प्राधिकरणको चार्जिङ सेन्टर बाहेक सम्पूर्ण संरचनाहरुको उपयोग, सञ्चालन तथा बसपार्क टर्मिनल भवनको मर्मत सम्भार र सरसफाई समेत गर्नुपर्नेछ । उक्त सटरहरु सञ्चालनमा ल्याउन नसकेमा वा कुनै प्रकारको बन्द, हडताल, दैवी प्रकोप जस्ता कारणबाट यस कार्यालयमा कुनै प्रकारको छुट दावी गर्न पाइने छैन ।

३. बोलपत्र फारमका साथ जमानत बापत कबोल अंक (मुल्य अभिवृद्धि कर समेत) (दुबै वर्षको हिसाव गरी हुन आउने रकम) को कम्तीमा ५ प्रतिशतले हुन आउने रकम यस विदुर नगरपालिकाको कार्यालयको ने.बै.लि. त्रिशुली शाखाको धरौटी खाता नं. ०२६०३००००३०००००००४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्र फाराम यो सूचना प्रकाशित मितिले ३१ औं दिनको दिउसो १२ बजेभित्र कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

**सुभाकर पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

५. बोलपत्र फारम ३१ औं दिन दिनको २:०० बजे कार्यालयको प्रतिनिधि तथा फर्म कम्पनी तथा संस्था प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । फर्म वा व्यक्तिको प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र फारम दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन कार्यालय समयभित्र बोलपत्र फारम दर्ता गर्न सकिनेछ ।

७. रित नपुगेको तथा म्याद नाघी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

८. बोलपत्र फारममा कबोल रकम अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

९. नियमानुसार तिर्नु पर्ने मुल्य अभिवृद्धि कर, आयकर, तथा अन्य कर फर्म कम्पनी वा संस्था आफैले व्यहोर्नु पर्नेछ ।

१०. बोलपत्र फारम दर्ता गर्नेले बोलपत्र फारम राम्ररी अध्ययन गरी बुझी भरेको मानिनेछ ।

११. बोलपत्र फारम भन्नाले बोलपत्र प्रस्ताव आव्हान पुस्तिका (वोलपत्र फारम) भन्ने सम्झनुपर्दछ ।

१२. बोलपत्र फाराम कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. ठेक्का स्वीकृत भएपछि सम्झौता गर्दाका बखत कबोल अंकको रकम एकमुष्ट बुझाउन सकिनेछ। सो नभए प्रथम किस्ता बापत कवोल अंकको ५० प्रतिशत रकम (मु. अ. कर समेत सम्झौता गर्दाको बखत र बाँकी ५० प्रतिशतले हुने रकम ( मु.अ. कर समेत) सम्झौता अवधि समाप्त भएको ३५ दिनपछिसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त वाणिज्य बैंकबाट जारी गरिएको विदुर नगरपालिकाको नाममा बैंक जमानत पेश गरेपछिमात्र ठेक्का सम्झौता गरिनेछ र बाँकी किस्ता मध्ये ३० प्रतिशत रकम नियमानुसार तिर्नु पर्ने करसहित २०८३ साल आषाढ महिनामा र बाँकी २० प्रतिशत रकम २०८४ साल असोज मसान्तभित्र नियमानुसार तिर्नुपर्ने कर समेत समावेश गरी तिर्नुपर्नेछ ।

१४. यस सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५. न्यूनतम कबोल अंक मू.अ.क. बाहेक रु. ३५ लाख ।- (अक्षेरुपी पैतिस लाख) हुनेछ ।सोबाट बढाबढ गरी बोलपत्र पेश गर्नुपर्नेछ ।

१६. बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुनेछैन ।

१७. ठेक्का प्राप्त भएपछि ठेक्का प्राप्त स्थलको उपयोग गरेको पानी, विजुलीको महसुल नियमितरुपमा ठेक्का प्राप्त गर्ने पक्षले तिर्नु पर्नेछ ।

१८. यस सम्बन्धि अन्य कुरा बुझ्न परेमा यस कार्यालयको राजश्व शाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

सुभाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत